# अनलाइन सिटरोल दर्ता सेवा उपयोग गर्ने तरिका

1) यस सेवाका लागि निजामती किताबखानाको website pis.gov.np मा जानुहोस् (सिंहदरवार परिसर भित्रबाट यो सेवा प्राप्त गर्नका लागि 10.1.22.19 मा जानुहोस्) ।
2) Website मा देखिने "**अनलाइन सिटरोल**" मा क्लिक गर्नुहोस् ।
3) Screen मा देखिने सामान्य विवरणमा आफ्नो नाम लगायत valid email ID राख्नुहोस् र "**अनलाईन सिटरोल सेवा उपयोगको शर्तहरु**" मा क्लिक गरी, "**प्राप्त गर्नका लागि पालना गर्नु पर्ने शर्त तथा बन्देजहरू**" पढी, "**म सहमत छु**" check mark लगाई SUBMIT button मा क्लिक गर्नुहोस् ।
4) सामान्य विवरणमा प्रयोग भएको email खोली DoCPR बाट प्राप्त email मा "**Verify me**" मा क्लिक गर्नुहोस् र कम्तिमा ५ अक्षर/अंकको Password राखी Submit button मा क्लिक गरी "**Continue**" मा क्लिक गर्नुहोस् ।
5) त्यसपछि Online Sheetroll Registration का ८ चरणहरूमा क्रमशः निर्देशानुसार विवरण भर्नुहोस् ।
6) सबै विवरण भरे पश्चात् "**SAVE & CONTINUE**" मा क्लिक गर्ने र "**RECHECK**" मा क्लिक गरी आफ्नो विवरण १ देखि ८ step हरूमा क्लिक गरी रूजु गर्नुहोस् । यदि कुनै विवरण सच्याउनु पर्ने भएमा सो सच्याई "**SAVE & CONTINUE**" मा क्लिक गर्नुहोस् ।
7) त्यसपछि step 8 मा गई "**MY PROFILE**" मा क्लिक गरी प्राप्त Temporary ID नम्बर सुरक्षित राखी "**DOWNLOAD SHEETROLL**" र "**RECOMMENDATION LETTER**" मा क्लिक गरी सिटरोल ५ प्रति तथा सिटरोल दर्ताको लागि अनुरोध पत्र प्रिन्ट गर्नुहोस् ।
8) प्रिन्ट गरिएको ५ प्रति सिटरोलहरूमा अन्य आवश्यक विवरण भरी कार्यालय प्रमुखबाट प्रमाणित गराई अनलाइन सिटरोल दर्ता गर्दाका बखत अपलोड गरिएका कागजातहरूको प्रमाणित प्रतिलिपि संलग्न राखी नियुक्ति बुझेको मितिले ३० दिन भित्र निजामती किताबखानामा आइपुग्ने गरी पठाउनुहोस् ।

## नोट :

- यो सेवा उपयोग गर्दा विचमा छोडी पछि पुनः उपयोग गर्नुपरेमा बुदा नं. 3) मा देखिने "**सामान्य विवरण**" पेजमा गई "**Sign In (आफ्नो विवरण हेर्नुहोस्)**" मा क्लिक गर्नुहोस् ।
- अनलाइन सिटरोल दर्ता प्रकृयामा कुनै कठिनाई आएमा मोवाइल नं. 9851240138 वा 01-5010138 मा सम्पर्क गरी सहयोग प्राप्त गर्न सक्नुहुनेछ ।
- ***नियुक्ति मितिले ३० दिनभित्र सिटरोल दर्ता गरिसक्नुपर्ने र ६० दिन भित्र सम्पत्ति विवरण भरी बुझाउनुपर्ने छ । म्यादभित्र सम्पत्ति विवरण नबुझाएमा रू ५,०००/- जरिवाना लाग्नेछ ।***

## पुनश्च :

- यस विभागको आधिकारिक फेसबुक ग्रुप "**हेलो निजामती किताबखाना**" संचालनमा ल्याइएकोले सो ग्रुपको सदस्यता प्राप्त गर्नका लागि सम्पूर्ण निजामती कर्मचारीहरूलाई अनुरोध छ ।
- यस विभागको एन्ड्रोइड मोवाइल एप "**हत्केलामा निजामती सेवा (CSP)**" डाउनलोड गरी सोको उपयोग गर्नुहुन समेत हार्दिक अनुरोध छ ।